नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

व्यावसायिक प्रशिक्षण केन्द्र

बुटवल, रुपन्देही

नि:शुल्क सीपमूलक तालिम संचालनको लागि आवेदन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०७/१६

यस व्यावसायिक प्रशिक्षण केन्द्र बुटवलको आ. व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका नि:शुल्क सीपमूलक तालिम सञ्चालन हुने भएको हुदा तालिममा सहभागी हुन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको स्थानमा आवेदन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

तपसिल

क्र. सं.	तालिमको विषयहरु	आवश्यक प्रशिक्षार्थी संख्या	तालिमको अवधी (घण्टा)	न्यूनतम शैक्षिक योग्यता	अन्तर्वार्ता हुने मिति, समय र स्थान	नतिजा प्रकाशन मिति	तालिम उद्घाटन तथा सञ्चालन हुने मिति, समय र स्थान	आवेदन फाराम पाइने र पेश गर्नुपर्ने स्थान	कैफियत
१	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०३ गते दिनको १.०० बजे रामपुर नगरपालिकाको कार्यालय पाल्पा	२०८३।०८।०३ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०४ गते दिनको ०९.०० बजे रामपुर नगरपालिकाको कार्यालय, पाल्पा	रामपुर नगरपालिकाको कार्यालय पाल्पा/यस केन्द्र	
२	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०४ गते दिनको १.०० बजे रम्भा गाउपालिकाको कार्यालय पाल्पा	२०८३।०८।०४ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०५ गते दिनको ०९.०० बजे रम्भा गाउपालिकाको कार्यालय, पाल्पा	रम्भा गाउपालिकाको कार्यालय पाल्पा/यस केन्द्र	
३	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०४ गते दिनको ११.०० बजे तिलोत्तमा-५ मणिग्राम, रुपन्देही	२०८३।०८।०४ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०५ गते दिनको १०.०० बजे तिलोत्तमा-५ मणिग्राम, रुपन्देही	तिलोत्तमा-५ मणिग्राम, रुपन्देही/यस केन्द्र	
४	केयर गिभर आधारभूत	२० जना	३९०	एसईई वा सो सरह उत्तीर्ण	२०८३।०८।०५ गते दिनको ११.०० बजे व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल रुपन्देही	२०८३।०८।०५ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०६ गते दिनको १०.०० बजे व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल रुपन्देही	व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल, रुपन्देही	कक्षा सञ्चालन स्थान पछि तोकिनेछ ।
५	ईलेक्ट्रिकल आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०७ गते दिनको १० बजे शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा.लि. तानसेन, पाल्पा	२०८३।०८।०७ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०८ गते दिनको ११.०० बजे शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा.लि. तानसेन, पाल्पा	शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा. लि. तानसेन, पाल्पा /यस केन्द्र	
६	व्यूटिसियन आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।९ गते दिनको ११ बजे व्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची	२०८३।०८।९ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।१० गते दिनको ०९.०० बजे व्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची	व्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची/यस केन्द्र	
७	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।१० गते दिनको १.०० बजे कन्चन टेलर्स टिकापुर-१ कैलाली	२०८३।०८।१० गते अपरान्ह ४ बजेपछि	२०८३।०८।११ गते दिनको १०.०० बजे कन्चन टेलर्स टिकापुर-१, कैलाली	कन्चन टेलर्स टिकापुर-१ कैलाली/यस केन्द्र	

तालिम लिन इच्छुक व्यक्तिहरूले पालना गर्नुपर्ने शर्तहरू:

१. प्रशिक्षार्थीहरुले आवेदन फाराम साथ नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो संलग्न राखी मिति २०८३/०७/३० गतेभित्र र सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिन यस केन्द्र/तोकिएको स्थानमा कार्यालय समयभित्र पेश गर्नुपर्ने छ । प्रशिक्षार्थी छनौट समितिले गरेको निर्णयानुसार प्रशिक्षार्थी छनौटको सूचना कार्यालयको सूचनापाटी, Website: www.vtcbutwal.gov.np र यस केन्द्रको Facebook page: www.facebook.com/vtcbutwal "व्यावसायिक प्रशिक्षण केन्द्र, बुटवल" मा प्रकाशन गरिनेछ ।
२. छनौट भईसकेपछि तालिम शुरु भएको ३ दिनभित्र भर्ना नहुनेहरुको स्थानमा वैकल्पिक उम्मेदवारलाई सहभागी गराईनेछ ।
३. तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
४. प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिने छ । आवेदन फारम यस केन्द्रको वेवसाइट र फेसबुक पेजवाट समेत डाउनलोड गर्न सकिनेछ ।
५. अन्तर्वार्तामा सहभागी हुन आउदा आवेदन फारम भर्दा पेश गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।
६. बस्ने र खाने व्यवस्था सहभागी आफैले गर्नुपर्नेछ र दिवा खाजाको व्यवस्था कार्यालयवाट हुनेछ ।
७. प्रशिक्षार्थीको आवेदन तोकिएको समयावधिभित्र यस केन्द्रको ईमेल ठेगाना shipbutwal@gmail.com मार्फत पनि दिन सकिनेछ ।
८. आवश्यक फारम केन्द्रको Website: www.vtcbutwal.gov.np वाट download गर्न सकिनेछ ।
९. तालिममा छनौट भई मनासिब कारण बेगर तालिम छोडेमा निजको अभिलेख राखी भविष्यमा यस केन्द्रबाट संचालन हुने कुनै तालिममा सहभागी गराईने छैन ।
१०. म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कारवाही गरिनेछैन ।

केन्द्र प्रमुख